
# आ.व. २०७७/०७८ को राजस्व परामर्श समितिको

# आन्तरिक राजस्व प्रक्षेपण प्रतिवेदन






फाल्गुनन्द गाँउपालिका

## गाँउकार्यपालिकाको कार्यालय

फाक्तेप, पाँचथर

१ नं. प्रदेश, नेपाल

२०७७

फाल्गुनन्द गाउँपालिकाको परिचयः

नेपाल एकात्मक तथा केन्द्रीकृत शासन व्यवस्थाबाट संघीय लोकतान्त्रिक गणतान्त्रिक मुलुकको रुपमा रुपान्तरित भएको छ । संघीय व्यवस्था अनुसार नेपालमा संघ, सात प्रदेश र ७५३ स्थानीय तहको गठन भएको छ, जसमा पाँचथर जिल्लामा ८ स्थानीय तहको गठन भएको छ । फाल्गुनन्द गाउँपालिका १ नं प्रदेशको पाँचथर जिल्लामा अवस्थित छ । यो गाउँपालिकाको जनसंख्या २५,००० रहेको छ । वि.सं. २०७३/११/२७ गते राजपत्रमा सुचना प्रकाशित भएसँगै र पछिल्ला सचिवस्तरीय निर्णयसँगै देशका विभिन्न ७५३ वटा स्थानीय तह भएसँगै यो गाउँपालिका पनि अस्तित्वमा आएको छ । स्थानीयवासीहरुलाई सर्वसुलभ ढंगले सेवा उपलब्ध गराउन यो गाउँपालिकालाई जम्मा ७ वटा वडामा विभाजन गरिएको छ । साविकका नवमीडाँडा, इम्बुङ, पौवा सारताप, चिलिङदिन, फाक्तेप र आङसराङ गा.वि.स.लाई समावेश गरि यो गाउँपालिका निर्माण गरिएको हो । यस गाउँपालिकाको पूर्वमा ईलामको फाकफोकथुम गाउँपालिका र पश्चिममा कुम्मायक गाउँपालिका, उत्तरमा फिदिम नगरपालिका र दक्षिणमा मिक्लाजुङ गाउँपालिका रहेका छन् ।

यो गाउँपालिका पाँचथर जिल्लाको दक्षीण पश्चीम क्षेत्रको दुर्गम स्थानमा रहेको गाउँपालिका हो । यस गाउँपालिकामा ५५ प्रतिशत लिम्बु १५ प्रतिशत क्षेत्री बाहुन १० प्रतिशत राई १० प्रतिशत तामाङ्ग ५ प्रतिशत दलित १ प्रतिशत सुनुवार १ प्रतिशत मगर १ प्रतिशत नेवार तथा २ प्रतिशात माझी, कुमाल लगायतका अल्पसङख्यक र अन्य जातीको बसोवास रहेको छ । यो गाउँपालिका सदरमुकाम फिदिम देखी लगभग १५ कि.मि. टाढा रहेको छ । यो लब्रेकुटी, सिलौटी डाडा, पौवाभञ्ज्याङ, तिजोक डाँडा, नाम्तोक डाँडा, सुकेपोखरी लगायत अन्य थुप्रै प्राकृतिक तथा नाम्सामी-केसामी, युमा माङहिम, सिंहदेवी मन्दिर, निवुखोला स्थित पवित्र तिर्थस्थल साप्सु आदिजस्ता धार्मिक सम्पदाहरुले सजिएर रहेको गाउँपालिका हो । यस गाउँपालिकालाई ७ वडामा विभाजन गरीएको छ । यसमा आदिवासी जनजातीको बाहुल्यता रहेको छ ।

२) राजस्व परामर्श समितिको परिचय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम गठित यस राजस्व परामर्श समितिको मुख्य उद्धेश्य योजना छनोट प्रक्रियालाई सन्तुलित, सहभागितामुलक बनाउनु हो । विशेषगरी यो समिति नेपालको संविधान र प्रचलित कानुनबमोजिम स्थानीय तहभित्र परिचालन गर्न सक्ने राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने प्रयोजनका लीग गठन हुने समिति हो । राजस्व परामर्श समिति राजस्वका दर र क्षेत्र लगायतका आधारमा आयको विश्लेषण र अनुमान गर्नका लागि बनाइएको समिति हो ।

३) समितिका पदाधिकारीहरुः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम गठन हुने व्यवस्था रहेको यो समितिमा निम्न पदाधिकारीहरु सदस्यको रुपमा रहने व्यवस्था रहेको छ ।

क) गाउँ/नगरकार्यपालिकाका उपाध्यक्ष/उपप्रमुख -संयोजक

ख) गाउँ/नगरकार्यपालिकाका प्रमुख प्रशासकिय अधिकृत - सदस्य

ग) गाउँ/नगरकार्यपालिकाले तोकको एक महिलासहित २ जना सदस्य - सदस्य

निजि क्षेत्रको स्थानीय उद्योग वाणिज्य संघका प्रमुख वा प्रतिनिधि - सदस्य

ङ) स्थानीय घरेलु तथा साना उद्योग सम्वन्धि मान्यताप्राप्त संस्थाका प्रमुख वा प्रतिनिधि - सदस्य

च) गाउँपालिका/नागरपालिकामा राजस्व विभाग /शाखा प्रमुख - सदस्य-सचिव

४) फाल्गुनन्द गाउँपालिकाको राजस्व परामर्श समिति :

सोही कार्यविधिमा तोकिएबमोजिम फालगुनन्द गाँउपालिका स्थानीय राजश्व परामर्श समिति मा तपशीलमा उल्लेखित पदाधिकारीज्युहरु सदस्युमा तोकिएका छन् ।

क) श्री देवित्राकुमारी आङदेम्बे (उपाध्यक्ष) - संयोजक

ख) श्री अनिल तिखत्री (प्रमुख प्रशासकिय अधिकृत) - सदस्य

ग) श्री मन बहादुर चेम्जोङ (कार्यपालिका सदस्य) - सदस्य

घ) श्री फुलमाया वम्जन (कार्यपालिका सदस्य) - सदस्य

ङ) श्री तेजु चेम्जोङ (उद्योग वाणिज्य संघ , प्रतिनिधि) - सदस्य

च) श्री घनेन्द्र चेम्जोङ (घरेलु तथा साना उद्योग , प्रतिनिधि) - सदस्य

च) चन्द्र वहादुर लिम्बु (लेखापाल) - सदस्य सचिव

५) समितिका काम कर्तव्य तथा अधिकारहरुः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ उपदफा २ मा उल्लेख भएअनुसार यस समितिका काम, कर्तव्य तथा अधिकारहरु निम्नानुसार रहेका छन्:-

(क) राजस्व सम्वन्धी नीती तथा कानुनको तर्जमा, परिमार्जन र सोको परिचालनका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने ।

(ख) राजवस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी अगाडी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने ।

(ग) राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने ।

(घ) स्थानिय उद्योग तथा व्यवसाय प्रवद्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतीको सम्वन्धमा परामर्श दिने ।

(ङ) कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर आदिको दर सम्वन्धमा परामर्श दिने ।

(च) राजश्व परामर्श सुधारका लागि अन्य आवश्यक परामर्श दिने ।

६) समितिका कार्यक्रम तथा निर्णयहरु:

यस समितिको २०७७/०३/०१ मा बैठक बसेको थियो । सो बैठकको दफादार छलफलबाट विभिन्न शिर्षकमा सेवा शुल्क तथा दस्तुर निर्धारण गरी कार्यपालिकामा पेश गर्ने निर्णय गरिएको थियो । आ.व. ०७६/०७७ को आन्तरिक राजश्वको समिक्षा समेत गर्न बसेको यस समितिको बैठकले चालु आ.व. मा संघिय तथा प्रदेश सरकारबाट राजश्व बाँडफाँड बापतको रकम अपेक्षित रुपमा प्राप्त नभएको तथा गाँउपालिकाबाट प्रक्षेपित राजश्व संकलन गर्न लक्ष्यमा नपुगिएको निश्कर्ष निकाल्दै आ.व. ०७७/०७८ का लागि ती शीर्षक तथा दरहरुमा केही संशोधन गर्दै निम्नानुसार यस गाँउपालिकाको राजश्व नीति, करका आधारहरु निर्धारण हुने गरी गाँउकार्यपालिकामा पेश गर्ने निर्णय गरिएको छ ।

फाल्गुनन्द गाँउपालिका आ.व. ०७७/०७८ को राजश्व नीति :

१. प्रतिनिधित्व बिना कर लगाउन नपाइने, सर्वमान्य सिद्धान्तको आधारमा यस गाँउपालिकाले गरिबीको रेखामुनी रहेका जनतालाई मर्का नपर्ने गरी यस गाँउपालिका भित्र प्रगतिशिल कर लगाई अधिकाधिक कर उठाउने र करको दरभन्दा दायरा फराकिलो बनाउने नीति ।

२. फाल्गुनन्द गाँउपालिका बासिलाई स्वकर प्रणालीमा आवद्ध गर्न व्यापक प्रचारप्रसार गर्ने नीति ।

३. यस गाँउपालिकामा दोहोरो कर प्रणालीलाई निरुत्साहित गरी व्यापक कर संकलन हुने क्षेत्रको पहिचान गरी कर संकलन प्रणलीलाई प्रभावकारी बनाउने नीति ।

४. गाँउपालिकामा निरन्तर कर तिर्ने व्यक्ति/संस्थालाई पुरस्कृत गर्ने तथा कर छली गर्ने व्यक्ति/संस्थालाई दण्डीत गर्ने नीति ।

क) घरजग्गा कर सम्बन्धमा ।

| विवरण | चालु आ.व. दर रु. | आ.व. ०७५/०७६ को दर रु. | कैफियत |
|---|---|---|---|
| दुई वा सोभन्दा बढी तला भएको पक्की घर | ८५० | ८५० | बजार क्षेत्रमा |
| अर्द्ध पक्की घर (एक तला पक्कीमाथी) | ६५० | ६५० | बजार क्षेत्रमा |
| एक तले पक्की घर | ५५० | ५५० | बजार क्षेत्रमा |
| अर्द्ध पक्की घर | ४५० | ४५० | बजार क्षेत्रमा |
| जस्ताको छानो भएको घर ३ कोठाभन्दा माथी | ३५० | ३५० | बजार क्षेत्रमा |
| जस्ताको छानो भएको घर ३ कोठासम्मको | २०० | २०० | बजार क्षेत्रमा |

| | | | |
|---|---|---|---|
| झिल, खर वा परालको छानो भएको घर | १०० | १०० | बजार क्षेत्रमा |
| जम्मा | | | |

यस चालु आ व सम्म माथि उल्लेख भए बमोजिम घर जग्गा कर संकलन गर्दै आएकोमा आगामी आ व देखि आवश्यक कार्यविधि निर्माण गरी सम्पति कर निर्धारण गर्न गाँउकार्यपालिका मार्फत गाँउसभामा सिफारिस गर्ने ।

ख) भुमी कर सम्बन्धमा ।

| विवरण | इकाइ | खेत | पाखोबारी | कैफियत |
|---|---|---|---|---|
| | | दर रु. | दर रु. | |
| अब्बल | प्रतिरोपनी | ८ | ६ | |
| दोयम | प्रतिरोपनी | ६ | ५ | |
| सिम | प्रतिरोपनी | ५ | ३ | |
| चाहर | प्रतिरोपनी | ३ | १ | |

प्रत्येक वर्ष कार्तिक मसान्तसम्म भुमिकर तिर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ । तर म्याद नाघेर कर तिर्न आउने सेवाग्राहीले १० प्रतिशत थप कर तिर्नुपर्नेछ । २ वर्ष सम्म कर नबुझाउनेलाई जम्मा कर रकमको २५ प्रतिशत, ५ वर्ष सम्म कर नबुझाउनेलाई जम्मा कर रकमको ५० प्रतिशत र ५ वर्षभन्दा माथिको समयमावधिमा पनि कर नबुझाउनेलाई जम्मा कर रकमको १०० प्रतिशत जरिवाना लगाइनेछ ।

ग) व्यवसाय कर सम्बन्धमा ।

| क्र.सं. | विवरण | २ लाख सम्म रु. | ५ लाख सम्म रु. | १० लाख वा माथी रु. |
|---|---|---|---|---|
| १ | किराना पसल | २००।०० | ५००।०० | १०००।०० |
| २ | चिया नास्ता पसल | १००।०० | २००।०० | ३००।०० |
| ३ क | होटल (खाना नास्ता मात्रै) | ३००।०० | ७००।०० | १०००।०० |
| ३ ख | होटल (खाने बस्ने सुविधा सहित) | ५००।००<br>७००।००<br>१०००।०० | १०००।००<br>१५००।००<br>२०००।०० | २०००।०० ग वर्ग<br>२५००।०० ख वर्ग<br>३०००।०० क वर्ग |
| ४ | थान कपडा पसल (थान कपडा सँगै तेल तथा अन्य कारोबार समेत भएमा बेग्लाबेग्लै कर लाग्नेछ ।) | २००।०० | ७००।०० | १५००।०० |
| ५ क | हार्डवेयर तथा भाँडा पसल | १५००।०० | १७००।०० | २०००।०० |
| ५ ख | हार्डवेयर पसल | १०००।०० | १५००।०० | २,०००।०० |
| ६ | तरकारी तथा फलफुल पसल | ५०।०० | ७५।०० | १००।०० |

| | | | | |
|---|---|---|---|---|
| ७ | स्टेशनरी, पुस्तक, पत्रपत्रीका पसल | ४००।०० | ७००।०० | १०००।०० |
| ८ | फेन्सी कपडा पसल | २००।०० | ५००।०० | १०००।०० |
| ९ | औषधि पसल | ५००।०० | ७५०।०० | १०००।०० |
| १० क | टेलरिङ. | ३००।०० | ५००।०० | १०००।०० |
| १० ख | टेलरिङ. तथा थान कपडा पसल | ५००।०० | ७५०।०० | १०००।०० |
| ११ | फर्निचर पसल | ५००।०० | १०००।०० | २०००।०० |
| १२ | ट्युसन कोचिङ. सेन्टर | ५००।०० | ७५०।०० | १०००।०० |
| १३ | मदिरा तथा किराना पसल | १०००।०० | १५००।०० | २०००।०० |
| १४ क | सुनचाँदी पसल | २०००।०० | ४०००।०० | ६०००।०० |
| १४ ख | सुनचाँदी मर्मत सेन्टर | ३००।०० | ५००।०० | १०००।०० |
| १५ | भाँडा पसल | ५००।०० | १०००।०० | १५००।०० |
| १६ | घडी, मोबाईल, रेडियो लगायत इलेक्ट्रोनिक्स पसल | ५००।०० | १०००।०० | २०००।०० |
| १७ | घडी, मोबाईल, रेडियो लगायत इलेक्ट्रोनिक्स मर्मत पसल | ३००।०० | ५००।०० | ७००।०० |
| १८ | ब्युटीपार्लर, हजाम | २००।०० | ५००।०० | ७००।०० |
| १९ | मोटरसाईकल मर्मत सेन्टर | ५००।०० | १०००।०० | १५००।०० |
| २० | मनी ट्रान्सफर | १०००।०० | १५००।०० | २०००।०० |
| २१ | मासु पसल | २००।०० | ५००।०० | ८००।०० |
| २२ | कस्मेटिक पसल | ३००।०० | ५००।०० | १०००।०० |
| २३ | जुत्ता चपल पसल | २००।०० | ५००।०० | १०००।०० |
| २४ | कम्यूनिकेशन सेन्टर | ४००।०० | ६००।०० | १०००।०० |
| २५ | फोटो स्टुडियो | ४००।०० | ६००।०० | १०००।०० |
| २६ | स्नोकर । पुल हाउस | ३०००।०० | ४०००।०० | ५०००।०० |
| २७ | नीजि अस्पताल । पोलिक्लिनिक । वाणिज्य बैंक । विकास बैंक । क्याम्पस | बार्षिक रु. १०,०००।०० | | |
| २८ | फाईनान्स । क्लिनिक । ल्याब । सहकारी संस्था | बार्षिक रु. ३०००।०० | | |

घरेलु तथा साना उद्योग तर्फ :

| क.सं. | विवरण | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा बढी | कैफियत |
|---|---|---|---|---|---|
| | | बार्षिक दर रु. | | | |
| १ | कुटानी पिसानी मिल | ५००। | १०००। | १५००। | |
| २ | कृषि औजार निर्माण उद्योग | ५००। | १०००। | १५००। | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | कागज उद्योग | १००। | २००। | ३००। | |
| ४ | ग्रील उद्योग | १५००। | २५००। | ३०००। | |
| ५ | साना तथा लघु जलविद्युत उद्योग | १०००। | १५००। | २०००। | |
| ६ | दुग्ध प्रसोधन केन्द्र | २०००। | २५००। | ३०००। | |
| ७ | दुग्ध डेरी | ५००। | १०००। | १५००। | |
| ८ | घरेलु तथा साना उद्योग | १००। | २००। | ३००। | |
| ९ | जडिबुटि प्रशोधन उद्योग | १००। | २००। | ३००। | |

यस चालु आ व सम्म माथि उल्लेख भए बमोजिम व्यवसाय कर संकलन गर्दै आएकोमा आगामी आ व देखि निश्चित मापदण्ड तयारी गरी व्यवसायको कारोबारको आधारमा ०.०५ प्रतिशत निर्धारण गरी व्यवसाय कर संकलनलाई व्यवस्थित वनाउन गाँउकार्यपालिका मार्फत गाँउसभामा सिफारिस गर्ने ।

प्रत्येक वर्ष कार्तिक मसान्तसम्म व्यवसाय कर तिर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ । तर म्याद नाघेर कर तिर्न आउने सेवाग्राहीले १० प्रतिशत थप कर तिर्नुपर्नेछ । २ वर्ष सम्म कर नबुझाउनेलाई जम्मा कर रकमको २५ प्रतिशत, ५ वर्ष सम्म कर नबुझाउनेलाई जम्मा कर रकमको ५० प्रतिशत र ५ वर्षभन्दा माथिको समयमावधिमा पनि कर नबुझाउनेलाई जम्मा कर रकमको १०० प्रतिशत जरिवाना लगाइनेछ ।

घ) विज्ञापन तथा अन्य कर सम्बन्धमा ।

| विवरण | होर्डिङ्ग बोर्ड | वाल पेन्टिङ | तुल व्यानर (व्यापारिक प्रयोजनको लागि मात्र) कैफियत |
|---|---|---|---|
| प्रति वर्ग फिट | १०। | ५। | ५। |

अन्य :

| विवरण | प्रति वटा बार्षिक दर रु. |
|---|---|
| एन सेल टावर | १०,०००। |
| व्यापारिक प्रयोजनका वाईफाई टावर लगायत | २,०००। |

ङ) बहाल विटौरी शुल्क :

ाट बजार

| विवरण | दर | कैफियत |
|---|---|---|
| टोकरी पाँच केजि सम्मको | १० | |
| टोकरी पाँच केजि भन्दा बढिको | १० | |
| तरकारी प्रति ढोको | १० | |
| तरकारी प्रति ट्र्याक्टर, पिकअप | १०० | |
| माछा (पोका) | ५० | व्यापारीक प्रयोजनको लागी ल्याएको |
| माछा (भारी) | ५० | व्यापारीक प्रयोजनको लागी ल्याएको |
| खसी प्रति गोटा<br>बाख्रा, बोका तथा पाठा | २५<br>१५ | |
| सँगुर पाठा प्रति गोटा | १५ | |
| कुखुरा प्रति गोटा | ५ | |
| मासु सुँगुर प्रति गोटा | २०० | |
| मासु राँगा प्रति गोटा | ३०० | |
| मासु खसी | २०० | |
| रेडिमेड कपडा | १५ | |
| किराना तथा मिठाई | १० | |
| छाता मर्मत | १० | |
| फलफुल बिक्रेता | २० | |
| खाने तेल मट्टितेल बिक्रेता | १० | |
| चटपटे बिक्रेता | १० | |
| सरसामानको प्रचार प्रसार | १०० | |
| कुम्हाले भाडा बिक्रेता | २० | |
| मिठाई प्रति पसल | १५ | |
| पाउरोटी, वरफ, आईसक्रिम | १५ | |

| | | |
|---|---|---|
| जुत्ता चप्पलको पसल | १५ | |
| ईलेक्ट्रोनिक्स पसल | १५ | |
| अन्न प्रति भारी | १० | |
| काठको सामाग्री | २० | |
| कृषि औजार | १५ | |
| बाँसको सामाग्री | १५ | |

## च) सिफारिस दस्तुर ।

| क.सं. | | आ.व. ०७५/०७६ को सिफारिस दस्तुर रु. | अनुमानित परिमाण संख्या (वार्षिक) | प्रक्षेपित आय रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | **निवेदन** | १०। | ३०० | ३०००। | |
| २ | **नागरिकतासम्बन्धी सिफारिस** | | | | |
| क | अनुसुची १ नगरिकता सिफारिस | ३००। | १०० | ३०,०००। | |
| ख | अनुसुची २ प्रतिलिपि सिफारिस | ४००। | १०० | ४०,०००। | |
| ग | नागरिकता विवरण संशोधन | ५००। | २० | १०,०००। | |
| घ | नागरिकता सर्जमिन | ५००। | १० | ५,०००। | |
| ङ | अङ्गिकृत नागरिकता सिफारिस | १,५००। | २ | ३,०००। | |
| ३ | **जग्गाको श्रेस्ता कार्यान्वयन तथा दर्ता सिफारिस** | | | | |
| क | बजार क्षेत्रसँग जोडिएका जग्गा प्रति रोपनी | १००। | ५० | ५,०००। | |
| ख | ग्राभेल सडकले जोडिएका जग्गा प्रति रोपनी | ५०। | ५० | २,५००। | |
| ग | कच्ची सडकले जोडिएको जग्गा प्रति रोपनी | २५। | ५० | १,२५०। | |

| | | | | | |
|---|---|---|---|---|---|
| घ | अन्य जग्गा प्रति रोपनी | २०। | ३० | ६,००। | |
| ४ | **जग्गाको चारकिल्ला प्रमाणित** | | | | |
| क | १५ रोपनीसम्म | ४००। | ३० | १,२००। | |
| ख | ३० रोपनीसम्म | ५,००। | ३० | १५,०००। | |
| ग | ३० रोपनीभन्दा बढी | १०००। | २० | २०,०००। | |
| ५ | **जग्गाको चारकिल्ला सिफारिस** | | | | |
| क | १५ रोपनीसम्म | ४००। | ३० | १२,०००। | |
| ख | ३० रोपनीसम्म | ६००। | ३० | १८,०००। | |
| ग | ३० रोपनीभन्दा बढी | ७००। | २० | १४,०००। | |
| ६ | **घर जग्गा मुल्यांकन तथा आम्दानी प्रमाणित** | | | | |
| क | घर जग्गाको मुल्यांकन | | | | |
| अ | रु १० लाखसम्म | ०.२० % | १० | २०,०००। | |
| आ | रु ५० लाखभन्दा | ०.२०% | ५ | २५,०००। | |
| इ | रु ५० लाखसम्म माथी | ०.२० % | १ | १०,०००। | |
| ख | आम्दानी प्रमाणित प्रतिहजार | | | | |
| अ | रु १० लाखसम्म प्रतिहजार | ०.२० % | १० | २०,०००। | |
| आ | रु ५० लाखसम्म प्रतिहजार | ०.२० % | ५ | २५,०००। | |
| इ | रु ५० लाखभन्दा माथी प्रतिहजार | ०.२० % | १ | १०,०००। | |
| ७ | **शीर्षक** | | | | |
| क | **घरबाटो प्रमाणित** | ५००। | १०० | ५०,०००। | |
| ख | **धनीपुर्जामा घर कायम सिफारिस** | ५००। | ५० | २५,०००। | |
| ८ | **जग्गा सम्बन्धी सिफारिस** | | | | |
| क | पुर्जामा विवरण संशोधन | २००। | २० | ४,०००। | |

| | | | | | |
|---|---|---|---|---|---|
| ख | पुर्जा हराएको | २००। | २० | ४,०००। | |
| ग | जग्गा नरबडी कायम | ५००। | ५ | २,५००। | |
| ९ | **पेन्सन सम्बन्धी सिफारिस** | | | | |
| क | पेन्सन नामसारी | १०००। | ५ | ५,०००। | |
| ख | परिवार विवरण प्रमाणित | ३००। | ५ | १,५००। | |
| ग | हकवाला जिवित रहेको /अपुतालि सिफारिस | ५००। | ५ | २,५००। | |
| १० | **घर सार्ने तथा नीजी बनको काठ सिफारिस** | | | | |
| क | गोलिया प्रति कारोबार | | | | |
| ख | दाउरा प्रति कारोबार | | | | |
| ग | रुख प्रति गोटा | | | | |
| | उतिस, मलतो, मौवा, सिरिस लगायत जातका | ३०। | ३०० | ९,०००। | |
| | सल्लो र चिलाउने लगायत जातका | ५०। | २०० | १०,०००। | |
| | खयर लगायत जातका | ३००। | ५० | १५,०००। | |
| ११ | **हातहातियार नविकरण सिफारिस प्रतिगोटा** | ५,०००। | | | |
| १२ | **अन्य सिफारिस** | | | | |
| क | नाता प्रमाणित | ३५०। | ५० | १७,५००। | |
| ख | स्थायी बसोबास चालचालन, सा.सू. ठाँउसारी सिफारिस/प्रमाणित | २००। | ५ | १,०००। | |
| ग | जन्म, मृत्यु, बिवाहित, अबिवाहित प्रमाणित | ३००। | १० | ३,०००। | |
| घ | वैदेशिक रोजगार प्रमाणित | ५००। | ५ | २,५००। | |
| ङ | घरेलु उद्योग दर्ता सिफारिस | ८००। | २ | १६,००। | |
| च | कर चुक्ता प्रमाणित | ८००। | २ | १६,००। | |

| | | | | | |
|---|---|---|---|---|---|
| छ | धारा विद्युत, फोन जडान सिफारिस | ३००। | २० | ६,०००। | |
| ज | नाबालक परिचय पत्र सिफारिस/प्रमाणित | १००। | २० | २,०००। | |
| झ | दुई वटा नाम प्रमाणित सिफारिस | ३००। | २० | ६,०००। | |
| ञ | आदिवासी, जनजाति, दलित, अल्पसंख्यक, मधेसी, मुस्लीम र छात्रवृति सिफारिस तथा प्रमाणित | ३००। | २० | ६,०००। | |
| ट | प्राविधिक स्टिमेट निर्माण तथा सिफारिस (सरकारी कार्यालय बाहेकको) | कुल लागत मूल्याङ्कनको ०.२० % | २ | ४,०००। | |
| ठ | बैङ्कमा घर जग्गा मूल्याङ्कन सहित ऋणको लागि सिफारिस | कुल लागत मूल्याङ्कनको ०.२० % | २ | ४,०००। | |
| ड | पेट्रोल पम्प तथा ठूला उद्योग दर्ता /सिफारिस | २५,०००। | १ | २५,०००। | |
| ढ | अपांगता तथा आर्थिक सहायता सिफारिस | निशुल्क | | | |
| ण | कोर्ट फि मिनाहा सिफारिस | निशुल्क | | | |
| १२ | यसमा उल्लेख नभएका सिफारिस तथा प्रमाणित प्रकृति हेरी | ३००। | २० | ६,०००। | |
| १३ | **घर नक्सा पास** | **पक्की घर** | **कच्ची घर** | | |
| क | नयाँ घर प्रति वर्ग फुट | ३ | २ | | |
| ख | पुरानो घर प्रति वर्ग फुट | २ | १ | | |
| ग | कम्पाउण्ड पर्खाल प्रति वर्ग फुट | १ | ०.५० | | |
| १४ | **बिक्रि आय** | | | | |
| क | पुराना सामान, दाउरा, कागज, काठ, टिन तथा फलाम बिक्री | प्रति पिकअप,ट्याक्टर - ५००। | ५ | २५,००। | व्यापारीक प्रयोजनका लागि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रति टक - १०००। | | | |
| ख | फाराम बिक्रि | १०। | १०० | १०००। | |
| ग | ऐन, नियमावली, कार्यविधि, गाउँ परिचित्र आदि | मुल्य तोकेबमोजिम | | | |
| घ | कार्यालयको कागजात उतार प्रतिलिपि प्रति पाना | ५। | १०० | ५००। | |
| १५ | **दण्ड सजाय** | | | | |
| क | पञ्जिकरण विलम्ब शुल्क | **कानुनले निर्धारण गरे बमोजिम** | | | |
| ख | पञ्जिकरण सेवा शुल्क | **कानुनले निर्धारण गरे बमोजिम** | | | |
| ग | पञ्जिकरण प्रतिलिपि | **कानुनले निर्धारण गरे बमोजिम** | | | |

- माथि उल्लिखित सिफारिस सम्बन्धि कागजात अंग्रेजी भाषामा उपलब्ध गराउनु परे सुरु दस्तुरको दोब्बर लाग्ने ।
- वडाबाट प्राप्त सिफारिसका आधारमा गाउँपालिकाबाट प्रमाणित गर्नुपर्ने कागजातमा पुनः दस्तुर नलाग्ने ।
- माथि उल्लीखित सिफारिस सम्बन्धि कागजात हराई वा नष्ट भइ सो को प्रतिलिपि लिन आउँदा पुनः सुरु दस्तुर लगाउन उपयुक्त हुने ।

छ) सवारी बार्षिक,मसिक र पटके कर सम्बन्धमा ।

| क.सं. | सवारीको नाम | बार्षिक दर | मसिक दर | पटके |
|---|---|---|---|---|
| १ | ट्याक्टर | २,५००। | ४००। | २०। |
| २ | मोटरसाइकल | २००। | ३०। | ०। |
| ३ | ट्याक्सी | २,०००। | ३००। | १५। |
| ४ | रोलर/जेसिबी | ३,५००। | ४५०। | ३००। |
| ५ | स्काभेटर, १२०/१४० एच पी | ३,५००। | ४५०। | ४००। |
| ६ | स्काभेटर, १४० एच पी भन्दा माथि | ३,५००। | ४५०। | ५००। |
| ७ | बस | २०००। | २५०। | १०। |
| ८ | ट्रक | २०००। | ३००। | १५। |
| ९ | पिकअप भ्यान | १५०० | १५० | १० |
| १० | सरकारी मोटरसाईकल तथा अन्य सवारी | ० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| | साइन | | | |

यस चालु आ व सम्म माथि उल्लेख भए बमोजिम सवारी कर संकलन गर्दै आएकोमा आगामी आ व देखि देहाय बमोजिम पूर्वाधार उपयोग शुल्क संकलनलाई व्यवस्थित बनाउन गाँउकार्यपालिका मार्फत गाँउसभामा सिफारिस गर्ने ।

| क.स | विवरण | शुल्क रु | कैफियत |
|---|---|---|---|
| क | ट्याक्सी/ पिक अप | रु ५० | |
| ख | ट्याक्टर | रु ६० | |
| ग | ट्रक/बस | रु १०० | |
| घ | भ्यान/कार | रु ५० | |
| ङ | टेलर/लो वेड | रु १५० | |
| च | रोलर/जेसिबी | रु ३०० | |
| छ | स्क्याभेटर १२० HP/ १४० HP | रु ४०० | |
| ज | स्क्याभेटर १२० HP भन्दा माथि | रु ५०० | |
| झ | मलवाहक ट | रु २०० | |

ज) संस्था दर्ता शुल्क सम्वन्धमा ।

| ग्रामीण क्षेत्र | | | | |
|---|---|---|---|---|
| शीर्षक | २ लाखसम्म | ५ लाखसम्म | १० लाख वा सोभन्दा माथी | कैफियत |
| | दर | दर | दर | |
| संस्था दर्ता | ५०० | ७०० | १००० | |
| संस्था नवीकरण तथा खारेजी | २०० | ३०० | ५०० | |
| निजी विद्यालय कक्षा थप | ५०० | ७०० | १००० | |
| चुक्ता पुंजी थप | ५०० | ७०० | १००० | |

| शहरी क्षेत्र | | | | |
|---|---|---|---|---|
| शीर्षक | २ लाखसम्म | ५ लाखसम्म | १० लाख वा सोभन्दा माथी | |
| | दर | दर | दर | |
| संस्था दर्ता | १००० | २००० | ३००० | |
| संस्था नवीकरण तथा खारेजी | ७०० | १००० | १५०० | |
| निजी विद्यालय कक्षा थप | १००० | २००० | २५०० | |
| चुक्ता पुंजी थप | १००० | २००० | २५०० | |

झ) जडिबुटि, कबाडि तथा जिवजन्तु कर सम्बन्धमा ।

| क्र.स. | वस्तु,सेवा | दर रेट | कैफियत |
|---|---|---|---|
| १ | नेपाली कागज प्रति १०० के.जी. | रु.१००। | |
| २ | अर्घेलीको लोक्ता प्रति १०० के.जी. | रु.५०। | |
| ३ | कागतेको लोक्ता प्रति १०० के.जी. | रु.५०। | |
| ४ | चिया प्रशोधित प्रति के.जी. | रु.२। | |
| ५ | चिया पत्ति प्रति के.जी. | रु.०.२०। | |
| ६ | लशुन प्रति के.जी. | रु.१। | |
| ७ | नाङला,डालो,थुन्से,डोका,चित्रा, मान्द्रो, भकारी आदि प्रति गोटा | रु.२। | |
| ८ | भैंसी, राँगो, घोडा प्रतिगोटा | रु.५०। | |
| ९ | गाई, गोरु प्रतिगोटा | रु.३०। | |
| १० | खसी, बिऊ बोका प्रतिगोटा | रु.१५। | |
| ११ | बाख्रा, बोका, पाठापाठी प्रतिगोटा | रु.१०। | |
| १२ | कुच्चो (अम्लिसो) १०० के.जी. | रु.२०। | |
| १३ | घिउ (नौनी ) प्रति के.जी. | रु.५। | |
| १४ | घिउ (खारेको) प्रति के.जी. | रु.५। | |
| १५ | बाख्रा, भेडाको छाला प्रति गोटा | रु.१०। | |
| १६ | राँगाको छाला प्रति गोटा | रु.२०। | |
| १७ | अन्य वस्तुको छाला | रु.२०। | |

| | | | |
|---|---|---|---|
| १८ | अलैंची प्रति १०० के.जी. | रु.५००। | |
| १९ | दाउरा प्रति पिकअप, ट्याक्टर | रु.१५०। | |
| २० | सुँगुर प्रति गोटा | रु.१५। | |
| २१ | सुँगुरको पाठा प्रति गोटा | रु.५। | |
| २२ | अदुवा प्रति १०० के.जी. | रु.१००। | |
| २३ | मजिटो प्रति १०० के.जी. | रु.२०। | |
| २४ | कालो दाल प्रति १०० के.जी. | रु.१२०। | |
| २५ | मस्याम तथा अन्य जातका दाल प्रति १०० के.जी. | रु.१००। | |
| २६ | छुर्पी प्रति १०० के.जी. | रु.५००। | |
| २७ | भटमास प्रति १०० के.जी. | रु.१००। | |
| २८ | कागती प्रति सयकडा | रु.५। | |
| २९ | सुन्तला प्रति सयकडा | रु.७। | |
| ३० | अकबरे खुर्सानी प्रति के.जी. | रु.५। | |
| ३१ | अन्य खुर्सानी प्रति के.जी. | रु.२। | |
| ३२ | गोलभेंडा प्रति १०० के.जी | रु.१५। | |
| ३३ | बन्दा तथा फुलकोवी प्रति १०० के.जी | रु.१५। | |
| ३४ | काँका, फर्सी प्रति १०० के.जी | रु.१५। | |
| ३५ | इस्कुस प्रति मन | रु.१०। | |
| ३६ | इस्कुसको जरा प्रति मन | रु.१५। | |
| ३७ | कुखुरा प्रति गोटा | रु.१०। | |
| ३८ | कुखुराको चल्ला प्रति गोटा | रु.३। | |
| ३९ | बाँस प्रति घना | रु.३। | |
| ४० | खयर काठ प्रति ट्रक | रु.३५००। | |
| ४१ | खयर काठ प्रति ट्याक्टर | रु.१८००। | |
| ४२ | कुकाठ प्रति ट्रक | रु.१२००। | |
| ४३ | कुकाठ प्रति ट्याक्टर | रु.६५०। | |
| ४४ | कुकाठ चिरानी प्रति ट्रक | रु.१४००। | |
| ४५ | कुकाठ चिरानी प्रति ट्याक्टर | रु.७५०। | |
| ४६ | फापर प्रति मन | रु.२०। | |
| ४७ | अमिलो (पकाएको) प्रति के.जी. | रु.१०। | |
| ४८ | अमिलो (नपकाएको) प्रति के.जी. | रु.५। | |
| ४९ | सतुवा, नागवेली प्रति के.जी. | रु.५। | |
| ५० | सल्लाको खोटो प्रति के.जी. | रु.२। | |
| ५१ | आलु प्रति मन | रु.५। | |
| ५२ | चिराइतो प्रति १०० के.जी. | रु.५००। | |
| ५३ | ढुङ्गा, गिटि, बालुवा प्रति ट्रक | रु.२००। | |
| ५४ | ढुङ्गा, गिटि, बालुवा प्रति ट्याक्टर | रु.१२०। | |
| ५५ | सिन्कौली ,तेजपत्ता प्रति के.जी. | रु.५। | |
| ५६ | खाली शिशि, बोतल प्रति बोरा | रु.२। | |

| | | | |
|---|---|---|---|
| ५७ | प्लाष्टिक प्रति के.जी. | रु.१। | |
| ५८ | अन्य पुरानो कबाडी सामान प्रति बोरा | रु.२। | |
| ५९ | कानुनले निसेधित गरेका बाहेक हाँस, कुखुरा आदिजस्ता पंक्षिको प्वाँख प्रति के.जी. | रु.५। | |
| ६० | गाँउपालिका सभाहल भाडा प्रतिदिन | रु.५००। | |

**नोट : यस फाल्गुनन्द गाँउपालिका बाहेकका अन्य नगरपालिका तथा गाँउपालिकामा तिरिसकेको जडिबुटि, कबाडि तथा जिवजन्तु कर आवश्यक रसिद प्रमाण भएमा यस गाँउपालिकामा दोहोरो हुने गरी लिईने छैन ।**

ञ) घर वहाल कर सम्वन्धमा ।

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर,पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पुरै वा आँशिक तवरले बहालमा दिएकोमा देहाय बमोजिमको घर वहाल कर लिन उपयुक्त हुनेछ ।

क    व्यवसायिक वहाल कर : वहाल रकमको चार प्रतिशत

ख    आवासिय बहाल कर : वहाल रकमको दुई प्रतिशत

साथै घर जग्गा वहाल कर नतिर्ने सम्वन्धित व्यक्ति, कर्मचारी, शिक्षक, जनप्रतिनिधि, व्यवसायी, संघ - संस्था तथा कम्पनीलाई गाँउपालिकाबाट प्रदान गरनि कुनै पनि प्रकारको सेवा सुविधा तथा सिफारिस समेत प्रदान गरीने छैन ।

ट) मनोरन्जन कर सम्वन्धमा ।

जिल्ला प्रशासन कार्यालय वा गाउँकार्यपालिकाको कार्यालयबाट अनुमति वा स्विकृति लिई गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जनात्मक कार्यक्रम, पर्व, मेला , महोत्सव सन्चालन गरे वापत प्रति कार्यक्रम देहाय बमोजिम मनोरन्जन वापतको कर आयोजकसँग लिइनेछ ।

देहाय -

| क. सं | समयावधि | शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | ३ दिन सम्मको कार्यक्रम, पर्व, मेला, महोत्सव | प्रतिदिन रु ५००।०० | |
| २ | ४ देखि ७ दिन सम्मको कार्यक्रम, पर्व, मेला, महोत्सव | प्रतिदिन रु ७००।०० | |
| ३ | ८ देखि १५ दिन सम्मको कार्यक्रम, पर्व, मेला, महोत्सव | प्रतिदिन रु ९००।०० | |
| ४ | १६ देखि ३० दिन सम्मको कार्यक्रम, पर्व, मेला, महोत्सव | प्रतिदिन रु १२००।०० | |

| ५ | २१ दिन भन्दा धेरै समयावधि सम्मको कार्यक्रम, पर्व, मेला, महोत्सव | प्रतिदिन रु १५००।०० | |
|---|---|---|---|

७) समपूरक कोष सम्बन्धमा ।

संघिय सरकार, प्रदेश सरकार तथा अन्य सरकारी तथा गैरसरकारी संघ संस्थारुसँग साझेदारीमा योजना तथा कार्यक्रम सञ्चालन गर्न आ व ०७७/७८ मा गाँउपालिकाको समपूरक कोषमा रु ३ करोड बजेट विनियोजन गर्न गाँउकार्यपालिका मार्फत गाँउसभामा सिफारसि गर्ने ।

८) जिल्ला सदरमूकाम तथा वडा कार्यालयहरुको दूरी र भाडा दर निर्धारण सम्बन्धमा ।

| क.सं. | स्थान | दुरी (कि.मि.) | भडा दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं. १, नवमीडाँडा | २१ | ६३०। | |
| २ | वडा नं. २, ईम्बुङ | १९ | ५७०। | |
| ३ | वडा नं. ३, पौवासारताप | १९ | ५७०। | |
| ४ | वडा नं. ४, चिलिङदिन | ७ | २१०। | |
| ५ | वडा नं. ५, फाक्तेप | ०.२ | ६। | |
| ६ | वडा नं. ६ मेहेलबोटे | १२ | ३६०। | |
| ७ | वडा नं. ७, पिपलबोटे | ७ | २१०। | |
| ८ | फिदिम/ईलाम | ४२/४४ | १२६०। | |

फाल्गुनन्द गाउँपालिकामा चालु आ.व.को अपेक्षित उपलब्धि समेत हासिल नगरिएकोले राजस्व प्रक्षेपण धेरै देखिएतापनि यसको कार्यान्वयनको शुरुवाती चरण भएकोले हाललाई आन्तरिक आय वार्षिक रु ५१,००,०००।०० ( एकाउन्न लाख मात्र) राख्दा उपयुक्त देखिन आएकोले सोहीका लागि गाउँ कार्यपालिकामा सिफारिस गरिन्छ ।

९) निष्कर्ष तथा सुझाव :

समग्रमा हेर्दा फाल्गुनन्द गाउँपालिकामा आयका स्रोतको कमी प्रष्टै रुपमा देख्न सक्छौ । भुगोलको र जनसंख्याको हिसाबले पाँचथर जिल्लामा नगरपालिकापछिको राम्रो र सम्भावनायुक्त गाउँपालिका कहलिएता पनि यहाँको आर्थिक विकासको गति एकदमै सुस्त देखिन्छ । स्थायी उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर, नीति अवलोकन गरी सोको उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ । यसकारण भावी दिनहरुमा यस फाल्गुनन्द गाउँपालिकाको आयश्रोतलाई वढाउन आन्तरीक श्रोतको सम्भाव्यता अध्ययन गरी आवश्यक रकम विनियोजन गरी सक्षम व्यक्तिहरु परीचालन गर्नुपर्ने देखिन्छ । साथै, गाउँपालिका क्षेत्र भित्रका सडक सञ्जाल, कृषि तथा पशु व्यवसाय र पर्यटकीय क्षेत्रहरुलाई व्यवस्थित गरी आन्तरीक श्रोतमा वृद्धि गर्नुपर्ने दखिन्छ ।

## राजश्व प्रशासन सुधारका लागि यस आर्थिक वर्षको असोज मसान्तभित्रै लागू गर्नु पर्ने केही सुझावहरु

- फाल्गुनन्द गाउँपालिकाको राजस्व वृद्धिका लागि थप करका दायराहरुको अध्ययन गरिनुपर्ने ।
- निर्धारण गरिएका कर शुल्क तथा दस्तुरहरु संकलनको लागि वडास्तरबाटै वडा समितिले कडाइ गर्नुपर्ने ।
- कर संकलनको अवस्था हेरी राजस्व नीतिलाई समयसापेक्ष संशोधन गरिनुपर्ने ।
- सुचना र सहुलियतको माध्यमबाट स्वयंकर प्रणालीलाई प्रवर्द्धन गर्ने नीति अख्तियार गर्नुपर्ने ।
- फाल्गुनन्द गाउँपालिकाको आम्दानी बृद्धिका लागि फाल्गुनन्द गाउँबासी, करदाता, व्यवसायी, बुद्धिजिवी लगायतसँग हातेमालो गर्ने तथा राय सल्लाह निरन्तर लिइ राख्ने ।
- सम्पति कर लगाउनका लागि यस आर्थिक वर्षको असोज मसान्तभित्रै गृहकार्य गरी प्रकृया अगाडि बढाई लागू गर्नु पर्ने ।
- पूर्वाधार उपयोग शुल्कका निमित्त गाउँपालिका क्षेत्रभित्र प्रचलनमा रहेको वा प्रयोगमा रहेका सवारी साधनहरुको संख्या यकिन गरि दर्ता प्रक्रिया व्यवस्थित बनाइनु पर्ने । तथा उक्त कर ठेक्का प्रणालीबाट संकलन गरिनुपर्ने ।
- जडिबुटि, कबाडि तथा जिवजन्तु कर संकलनलाई व्यवस्थित गर्न ठेक्का प्रणाली अवलम्बन गर्नुपर्ने । उक्त करलाई समय सापेक्ष दररेट निर्धारण गर्न गाँउकार्यपालिकाले सम्वन्धित निकायमा पहल गर्नुपर्ने ।
- यस गाउँपालिकाको आफ्नो क्षेत्रभित्र पर्यटकीय क्षेत्रहरु तथा पर्यटन व्यवसायको सम्भाव्यता अध्ययन गर्ने तथा यस क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुलाई पर्यटन शुल्क लगाइने कार्य तथा पर्यटन व्यवसायलाई समेत व्यवस्थित गर्न आवश्यक गृहकार्य अगाडी बढाइनु पर्ने ।
- राजश्व बाँडफाँडबाट प्राप्त हुने आय सम्वन्धमा गाँउकार्यपालिकाले सम्वन्धित निकायसँग यथाशिघ्र समन्वय गरी आवश्यक पहल अगाडि बढाउनु पर्ने देखिन्छ ।

समाप्त

श्री देवित्राकुमारी आङदेम्बे

संयोजक